United Nations
Educational, Scientific and
Cultural Organization

# सशस्त्र द्वन्दका समयमा सांस्कृतिक सम्पत्तिको सुरक्षा सम्बन्धी सन् १९५४ को हेग महासन्धि तथा सन् १९५४ र १९९९ मा सम्पन्न यसका दुईवटा प्रोटोकलहरु

## मुख्य पाठहरु

## सशस्त्र द्वन्दका समयमा सांस्कृतिक सम्पत्तिको सुरक्षा सम्बन्धी महासन्धि

हेग, मे १४, १९५४

उच्च सम्झौताकारी पक्षहरु,

हालैका सशस्त्र द्वन्दका क्रममा सांस्कृतिक सम्पत्तिमा व्यापक हानी नोक्सानी पुगेको र युद्धकलाका प्रविधिमा भएको विकासको कारण ती सम्पत्ति विनासको बढ्दो खतरामा रहेको कुरालाई आत्मसात गर्दै,

प्रत्येक मानिसले संसारको सांस्कृतिमा योगदान पुऱ्याउने हुनाले कुनैपनि मानिसका सांस्कृतिक सम्पत्तिमा भएको नोक्सानी समग्र मानव जातिकै सांस्कृतिक सम्पदा माथिको नोक्सानी हो भन्ने कुरामा विश्वस्त हुंदै,

सांस्कृतिक सम्पदाको संरक्षण संसारका सबै मानिसको लागि ठूलो महत्वको कुरा हो र यस सम्पदाले अन्तर्राष्ट्रिय रुपमा संरक्षण प्राप्त गर्न महत्वपूर्ण हुन्छ भन्ने कुरालाई विचार गर्दै;

सशस्त्र द्वन्दका समयमा सांस्कृतिक सम्पत्तिको सुरक्षा सम्बन्धी सन् १८९९ र १९०७ को कन्भेन्सन अफ हेग तथा अप्रिल १५, १९३५ को वासिङ्गटन प्याक्टका सिद्धान्तहरुबाट निर्देशित हुंदै;

राष्ट्रिय र अन्तर्राष्ट्रिय दुबै उपायहरु शान्तिका समयमा संस्थागत नगरेसम्म त्यस्तो संरक्षण प्रभावकारी हुन सक्दैन भन्ने धारणा व्यक्त गर्दै;

सांस्कृतिक सम्पत्तिको संरक्षण गर्न सबै सम्भव उपायहरु गर्न प्रतिबद्ध हुँदै;

देहाय बमोजिमका व्यवस्थाहरु गर्न सहमत भएका छन् ।

## परिच्छेद –१
## संरक्षण सम्बन्धी सामान्य व्यवस्था

### धारा १. सांस्कृतिक सम्पत्तिको परिभाषा

यस महासन्धिको प्रयोजनका लागि "सांस्कृतिक सम्पत्ति" ले उत्पत्ति वा स्वामित्व जे भएतापनि, देहायका कुराहरुलाई समेट्नेछ :-

(क) हरेक जनताको सांस्कृतिक सम्पदाको हिसावले ठूलो महत्व राख्ने चल वा अचल सम्पत्ति, धार्मिक वा धर्म निरपेक्ष जे भएता पनि वास्तुकलात्मक स्मारक, कला वा इतिहास, पुरातात्विक स्थलहरु, ऐतिहासिक वा कलात्मक रुचीका भवनहरुको समूह, कलाको वस्तु, हस्तलिखित ग्रन्थ, किताव र अन्य कलात्मक, ऐतिहासिक वा पुरातात्विक रुचीका वस्तुहरु साथै वैज्ञानिक संकलन र महत्वपूर्ण कितावहरुको संकलन वा संग्रह वा माथि परिभाषित सम्पत्तिबाट गरिएको पुर्नउत्पादन ।

(ख) उप प्रकरण (क) मा परिभाषित चल सांस्कृतिक सम्पत्तिलाई संरक्षण र प्रदर्शन गर्ने मुख्य र प्रभावकारी उद्देश्य भएका भवनहरु जस्तै संग्राहालय, ठूला पुस्तकालय, ग्रन्थालय र उपप्रकरण (क) मा परिभाषित चल सांस्कृतिक सम्पत्तिलाई सशस्त्र द्वन्दका बेला जोगाउन राखिएका ठाउँहरु,

(ग) "स्मारक रहेका केन्द्र" का रुपमा बुझिने उपप्रकरण (क) र (ख) मा परिभाषित सांस्कृतिक सम्पत्ति ठूलो मात्रामा रहेका केन्द्रहरु ।

**धारा २. सांस्कृतिक सम्पत्तिको संरक्षण**

प्रस्तुत महासन्धिको प्रयोजनका लागि सांस्कृतिक सम्पत्तिको संरक्षण भित्र त्यस्ता सम्पत्तिको जगेर्ना गर्ने र तिनीहरुलाई सम्मान गर्ने कुराहरु पर्दछन् ।

**धारा ३. सांस्कृतिक सम्पत्तिको जर्गेना**

उच्च सम्झौताकारी पक्षहरुले शान्तिका समयमा तिनीहरुका आ-आफ्ना भू-भाग भित्र रहेका सांस्कृतिक सम्पत्तिलाई सशस्त्र द्वन्दको सम्भावित असरबाट जगेर्ना गर्न उनीहरुलाई उपयुक्त लागेका उपायहरु अवलम्बन गर्न तयार रहने कबुल गर्दछन् ।

**धारा ४. सांस्कृतिक सम्पत्तिको सम्मान**

(१) उच्च सम्झौताकारी पक्षहरुले उनीहरुका आ-आफ्ना भू-भाग भित्र रहेका र अन्य उच्च सम्झौताकारी पक्षहरुको भू-भाग भित्र रहेका सांस्कृतिक सम्पत्तिको सम्मान गर्दै त्यस्ता सम्पत्ति र तिनीहरुको वरिपरिका स्थान वा ती सम्पत्तिको सुरक्षामा प्रयोग भएका साधनहरु सशस्त्र द्वन्दका वेला विनास वा हानी नोक्सानीको जोखिम बढाउने उद्देश्यमा प्रयोग नगर्ने र त्यस्ता सम्पत्ति विरुद्ध केन्द्रित कुनै शत्रुतापूर्ण व्यवहार नगर्ने कबुल गर्दछन् ।

(२) यस धाराको प्रकरण (१) मा उल्लिखित दायित्वलाई अति नै वाध्यात्मक सैनिक आवश्यकता भएको अवस्थामा मात्र त्याग गर्न सकिनेछ ।

(३) उच्च सम्झौताकारी पक्षहरु सांस्कृतिक सम्पत्ति चोर्ने, विगार्ने, हिनामिना गर्ने वा त्यस्तो सम्पतिका विरुद्ध परिलक्षित गरी तोडफोड गर्ने खालका कुनै कार्यलाई निषेध गर्ने वा रोक लगाउने कबुल गर्दछन् । उनीहरुले अर्को सम्झौताकारी पक्षको भू-भागमा रहेको चल सांस्कृतिक सम्पत्ति अधिग्रहण गर्ने छैनन् ।

(४) उनीहरुले सांस्कृतिक सम्पत्ति विरुद्ध परिलक्षित वदलाका कुनै पनि कार्य गर्ने छैनन् ।

(५) कुनैपनि उच्च सम्झौताकारी पक्षले अर्को उच्च सम्झौताकारी पक्षले धारा ३ मा उल्लिखित जगेर्ना गर्ने सम्बन्धी उपायहरु पालना नगरेको भन्ने कारण देखाई यस धारा अन्तर्गतको दायित्वलाई पन्छाउन पाउने छैन ।

**धारा ५. कब्जा**

(१) अर्को कुनै उच्च सम्झौताकारी पक्षको भू-भागलाई पूर्ण वा आंशिक रुपमा कब्जामा लिने कुनै उच्च सम्झौताकारी पक्षले कब्जामा लिइएको देशका सक्षम राष्ट्रिय अधिकारीलाई त्यहाँ रहेको सांस्कृतिक सम्पत्तिको जगेर्ना तथा संरक्षण गर्न सम्भव भएसम्म सहयोग गर्नेछ ।

(२) कब्जा गरिएको भू-भागमा रहेको र सैनिक कारवाहीका क्रममा क्षतिग्रस्त भएको सांस्कृतिक सम्पत्तिको संरक्षण गर्न आवश्यक भएको र सक्षम राष्ट्रिय अधिकारी त्यस्तो उपाय गर्न असमर्थ भएको कुरा प्रमाणित भएमा कब्जामा लिने शक्तिले संभव भएसम्म त्यस्तो अधिकारीसंगको निकट सहयोगमा संरक्षणका अत्यावश्यक उपायहरु संचालन गर्नेछ ।

(३) प्रतिरोधी आन्दोलनका सदस्यहरुले वैधानिक सरकारको रुपमा मानेको कुनै उच्च सम्झौताकारी पक्षले संभव भएसम्म सांस्कृतिक सम्पत्तिको संरक्षण गर्नुपर्ने सम्बन्धी यस महासन्धिका दायित्वको परिपालना गर्ने सम्बन्धमा उनीहरुको ध्यानाकर्षण गर्नेछ ।

**धारा ६. सांस्कृतिक सम्पत्तिको विशिष्ट चिन्ह**

धारा १६ मा व्यवस्था बमोजिम सांस्कृतिक सम्पत्तिको मान्यतालाई सहज तुल्याउन त्यस्ता सम्पत्तिको विशिष्ट चिन्ह वा संकेत राख्न सकिनेछ ।

धारा ७. सैनिक उपायहरु

(१) उच्च सम्झौताकारी पक्षले शान्तिको समयमा तिनीहरुको सैनिक नियमावली वा निर्देशनमा यस महासन्धिको परिपालना सुनिश्चित गर्न सकिने खालका र उनीहरुका सशस्त्र फौजका सदस्यहरुमा सबै जनताको संस्कृति र सांस्कृतिक सम्पत्ति प्रति सम्मानको भावना जागृत गराउन सकिने खालका व्यवस्थाहरु गर्न कबुल गर्दछन् ।

(२) उच्च सम्झौताकारी पक्षहले शान्तिको समयमा आ-आफ्नो सशस्त्र फौजभित्र विशेषज्ञको नियुक्ति गर्ने  वा सेवा लिने योजना गर्नेछन् जसको उद्देश्य सांस्कृतिक सम्पत्ति प्रतिको सम्मान सुनिश्चित गर्ने र ती सम्पत्ति जगेर्ना गर्ने नागरिक निकायहरुसंग समन्वय गर्ने रहनेछन् ।

## परिच्छेद -२
## विशेष संरक्षण

धारा ८. विशेष संरक्षण प्रदान गर्ने

(१) सशस्त्र द्वन्दको समयमा चल सांस्कृतिक सम्पत्ति वा स्मारक र अन्य अचल सांस्कृतिक सम्पत्ति रहेका अति नै महत्वपूर्ण केन्द्रहरुको  विशेष संरक्षण गर्नका लागि सीमित संख्यामा संरक्षित स्थानको व्यवस्था गर्न सकिनेछ तर त्यस्तो सम्पत्ति,-

(क) कुनै ठूलो औद्योगिक केन्द्र वा महत्वपूर्ण सैनिक उद्देश्य भएको जोखिमयुक्त क्षेत्र जस्तै बिमानस्थल, प्रशारण केन्द्र, राष्ट्रिय सुरक्षाको काम गर्ने ठाउं, त्यस्तै सापेक्षिक महत्वको रेल वे स्टेशन वा संचारको मुख्य लाइनबाट पर्याप्त दूरीमा रहेको हुनुपर्छ ।

(ख) सैनिक उद्देश्यले प्रयोग गरिएको हुनु हुदैन ।

(२) चल सांस्कृतिक सम्पत्तिलाई विशेष संरक्षणमा राख्दा बमले क्षति हुने कुनै संभावना नहुने गरी बनाइएको जुनसुकै ठाउंमा पनि राख्न सकिनेछ ।

(३) स्मारक भएको केन्द्र सैनिक कर्मचारी वा सामग्रीको ओसार पसार गर्ने ठाउं वा वाटोको रुपमै भएपनि प्रयोग भएको अबस्थामा त्यसलाई सैनिक उद्देश्यको लागि उपयोग भएको मानिनेछ । त्यसैगरी सैनिक परिचालन, सैनिक सामग्रीको भण्डारण वा त्यस्तो केन्द्र भित्रै युद्ध सामग्री उत्पादन गर्ने कार्यलाई पनि सोही प्रयोजनको लागि उपयोग भएको मानिनेछ ।

(४) माथि प्रकरण (१) मा उल्लिखित सांस्कृतिक सम्पत्तिको सुरक्षाको लागि अधिकारप्राप्त हतियारधारीले सुरक्षा दिइरहेको वा सार्वजनिक शान्ति र व्यवस्था कायम राख्न सामान्यतया जिम्मेवार रहेका प्रहरी फौजलाई त्यस्तो सांस्कृतिक सम्पत्ति नजिकै तैनाथ गरिएको कार्यलाई सैनिक उद्देश्यकालागि प्रयोग गरेको मानिने छैन ।

(५) यस धाराको प्रकरण (१) मा उल्लिखित कुनै सांस्कृतिक सम्पत्ति सोही प्रकरणमा परिभाषित महत्वपूर्ण सैनिक उद्देश्यको स्थान नजिक रहेको भए पनि संरक्षणको अनुरोध गर्ने उच्च सम्झौताकारी पक्षले सशस्त्र द्वन्दका समयमा त्यस्तो उद्देश्यको उपयोग नगर्ने र खासगरी वन्दरगाह, रेलवे स्टेशन वा बिमानस्थलको हकमा सबै सवारीलाई अर्को तर्फ मोड्ने कुराको कबुल गरेको अबस्थामा त्यस्तो सम्पत्तिलाई विशेष संरक्षण अन्तर्गत राख्न सकिनेछ । त्यस्तो सवारी मोड्ने कार्य शान्तिका अवस्थामा गरिएको हुनु पर्दछ ।

(६) "विशेष संरक्षण अन्तर्गत रहेको अन्तर्राष्ट्रिय सांस्कृतिक सम्पत्तिको रजिष्ट्रर" मा समावेश भएको सांस्कृतिक सम्पत्तिलाई विशेष संरक्षण प्रदान गरिन्छ । यस महासन्धिका व्यवस्था बमोजिम र यस महासन्धिलाई कार्यान्वयन गर्न बनेको नियमावलीमा उल्लिखित शर्तहरु अन्तर्गत मात्रै यस्तो दर्ता गर्न सकिनेछ ।

## धारा ९. विशेष संरक्षणमा रहेको सांस्कृतिक सम्पत्तिको उन्मुक्ति

उच्च सम्झौताकारी पक्षहरु विशेष संरक्षणमा रहेको सांस्कृतिक सम्पत्ति त्यस्तो सम्पत्ति अन्तर्राष्ट्रिय रजिष्ट्रारमा दर्ता गर्दाको समयमा त्यस्तो सम्पत्ति विरुद्ध कुनै पनि शत्रुतापूर्ण व्यवहार नगर्ने र धारा ८ को प्रकरण (५) को अवस्थामा बाहेक त्यस्तो सम्पत्ति वा त्यसको परिसरलाई सैनिक प्रयोजनको लागि उपयोग नगर्ने कुराको सुनिश्चितता गर्ने कबुल गर्दछन् ।

## धारा १०. पहिचान र नियन्त्रण

सशस्त्र द्वन्दको समयमा विशेष संरक्षणमा रहेको सांस्कृतिक सम्पत्तिलाई धारा १६ मा उल्लिखित विशिष्ट चिन्हद्वारा संकेत गरिनेछ र यस महासन्धिलाई कार्यान्वयन गर्न बनेको नियमावलीमा उल्लिखित व्यवस्था बमोजिम अन्तर्राष्ट्रिय नियन्त्रणको लागि खुला राखिनेछ ।

## धारा ११. उन्मुक्ति फिर्ता लिने

१) कुनै उच्च सम्झौताकारी पक्षले विशेष संरक्षणमा रहेको सांस्कृतिक संम्पत्तिका सम्बन्धमा धारा ९ अन्तर्गतका दायित्वहरुको उल्लंघन गरेमा त्यसको विरोध गर्ने पक्ष पनि त्यस्तो उल्लंघनको अबस्था कायम रहेसम्म सम्बन्धित सम्पत्तिको उन्मुक्तिलाई सुनिश्चिता गर्ने दायित्ववाट मुक्त हुनेछ । तर सम्भव भएसम्म अर्को पक्षले पहिले त्यस्तो उल्लंघनलाई मनासिब समय भित्र अन्त्य गर्न अनुरोध गर्नेछ ।

(२) यस धाराको प्रकरण (१) मा उल्लिखित अबस्था बाहेक विशेष संरक्षणमा रहेको सांस्कृतिक सम्पत्तिको उन्मुक्ति पन्छाउन नै नसकिने सैनिक आवश्यकता परेको अपवादात्मक अबस्थामा र त्यस्तो आवश्यकता कायम रहने अवधिसम्म मात्र फिर्ता लिइनेछ । त्यस्तो आवश्यकता डिभिजन सरह वा सो भन्दा ठूलो

आकारको फौजको कमाण्डिङ्ग अफिसरले मात्र स्थापित गर्न सक्छ । परिस्थितिले साथ दिएमा त्यस्तो उन्मुक्ति फिर्ता लिने निर्णयको पूर्व जानकारी मनासिब समय भित्रै विरोधी पक्षलाई दिइनेछ ।

(३) उन्मुक्ति फिर्ता लिने पक्षले सोको कारण सहितको लिखित सूचना यथासक्य चाँडो सांस्कृतिक सम्पत्ति संबन्धी कमिशनर जनरललाई यस महासन्धि कार्यान्वयन गर्न बनेको नियमावलीमा उल्लेख भए बमोजिम दिनेछ ।

## परिच्छेद –३
## सांस्कृतिक सम्पत्तिको स्थानान्तरण

### धारा १२. विशेष संरक्षण अन्तर्गत स्थानान्तरण

(१) सांस्कृतिक सम्पत्तिको स्थानान्तरणका लागि मात्र कुनै एकै भू-भाग भित्र वा एकवाट अर्को भू-भागमा हुने स्थानान्तरण सम्बन्धित उच्च सम्झौताकारी पक्षको अनुरोधमा यस महासन्धिको कार्यान्वयन गर्न बनेको नियमावलीमा उल्लिखित शर्तहरु बमोजिम संचालन गरिनेछ ।

(२) विशेष संरक्षण अन्तर्गतको स्थानान्तरण माथि उल्लिखित नियमावली बमोजिम अन्तर्राष्ट्रिय सुपरीवेक्षणको मातहत संचालन गरिनेछ र त्यसमा धारा १६ मा उल्लिखित विशिष्ट चिन्ह प्रदर्शन भएको हुनुपर्नेछ ।

(३) उच्च सम्झौताकारी पक्षहरुले विशेष संरक्षण अन्तर्गतको स्थानान्तरण विरुद्ध लक्षित गरी कुनै पनि शत्रुतापूर्ण कार्य गर्ने छैनन् ।

### धारा १३. अत्यावश्यक अवस्थामा स्थानान्तरण

(१) कुनै निश्चित सांस्कृतिक सम्पत्तिको सुरक्षाको निमित्त त्यस्तो सम्पत्ति स्थानान्तरण गर्नु परेको र धारा १२ मा उल्लिखित कार्यविधि पूरा गर्न पनि नसकिने गरी अति नै आवश्यक अवस्था, खासगरी कुनै सशस्त्र द्वन्दको अबस्था आइपरेको छ भनी

कुनै उच्च सम्झौताकारी पक्षलाई लागेमा धारा १६ मा उल्लिखित विशिष्ट चिन्ह राखी स्थानान्तरण गर्न दिन सकिन्छ तर धारा १२ मा उल्लिखित उन्मुक्तिको लागि निवेदन दिइ सकिएको र सो अस्वीकार भएको हुन हुनेछैन । सम्भव भएसम्म स्थानान्तरणको जानकारी विरोधी पक्षलाई दिनुपर्ने छ । तर प्रत्यक्ष रुपमा उन्मुक्ति नदिइएको अबस्थामा अर्को देशमा सांस्कृतिक सम्पत्ति स्थानान्तरण गरिरहेको यातायात साधनले विशिष्ट चिन्ह प्रदर्शन गर्ने छैन ।

(२) उच्च सम्झौताकारी पक्षहरुले यस धाराको प्रकरण (१) मा वर्णन भएको र विशिष्ट चिन्ह अंकित यातायातका साधन विरुद्ध परिलक्षित कुनै शत्रुतापूर्ण कार्य हुन नदिन सम्भव भएसम्म आवश्यक सावधानी अपनाउनेछन् ।

**धारा १४. जफत गर्ने, पक्राउ गर्ने र पुरस्कारमा राख्ने कार्यवाट उन्मुक्ति**

(१) देहायको बस्तुलाई जफत गर्ने, पुरस्कारमा राख्ने र पक्राउ गर्ने कार्यबाट उन्मुक्ति दिइनेछ :-

(क) धारा १२ वा धारा १३ द्वारा प्रदत्त संरक्षण उपयोग गरिरहेको सांस्कृतिक सम्पत्ति,

(ख) त्यस्तो सांस्कृतिक सम्पत्तिको ओसार-पसारमा संलग्न यातायातको साधन

(२) यस धारामा लेखिएको कुनै पनि कुराले भ्रमण गर्ने र खानतलासी गर्ने अधिकारलाई सीमित तुल्याएको मानिनेछैन ।

## पच्छिेद–४
## कर्मचारी

**धारा १५. कर्मचारी**

सुरक्षाको हित अनुकूल भएसम्म सांस्कृतिक सम्पत्तिको सुरक्षाको लागि खटिएका कर्मचारीलाई त्यस्तो सम्पत्तिको हितको लागि सम्मान गरिनेछ र उनीहरु विरोधी

पक्षको हातमा पर्न गएमा र उनीहरुले जिम्मेवारी लिएको सांस्कृतिक सम्पत्ति पनि विरोधी पक्षको हातमा रहेको अबस्थामा तिनीहरुलाई तिनीहरुको कर्तव्य पालना गर्न दिइ रहिनेछ ।

## परिच्छेद–५
## विशिष्ट चिन्ह

### धारा १६. महासन्धिको चिन्ह

(१) महासन्धिको चिन्ह तल पट्टि फर्केको एक ढालको रुपमा पर्सल्टाइर नीलो र सेतो (persaltire blue and white) (गाढानीलो वर्गाकार जसको एक कोणले ढालको प्वाइण्टको रुपमा कार्य गर्दछ र वर्गाकार माथि गाढा-नीलो त्रिभुज रहेको र दुबैका बीचको खाली ठाउं सेतो त्रिभुजले ढाकेको) हुनेछ ।

(२) उक्त चिन्ह एक पटक मात्र प्रयोग गरिनेछ वा धारा १७ मा उल्लिखित शर्तका अधीनमा रही त्रिभुजको आधारमा तीनपल्ट दोहो-याई ( ती मध्ये ढाल तल हुनेछ ) प्रयोग गरिनेछ ।

### धारा १७. चिन्हको प्रयोग

(१) तीन पटक दोहो-याएको विशिष्ट चिन्हलाई देहायका वस्तुको पहिचानको द्योतकको रुपमा मात्र प्रयोग गर्न सकिनेछः-

(क) विशेष संरक्षणमा रहेको अचल सांस्कृतिक सम्पत्ति,

(ख) धारा १२ र १३ मा उल्लिखित शर्तहरु बमोजिम सांस्कृतिक सम्पत्तिको स्थानान्तरण

(ग) महासन्धि कार्यान्वयनको निमित्त बनेका नियमहरुमा उल्लिखित शर्तहरु बमोजिम परिस्कृत रुपमा सुरक्षामा राखिएका वस्तु (इम्प्रोभाइज्ड रिफ्युज्)

(२) विशिष्ट चिन्हलाई देहायका वस्तुको पहिचानको द्योतकको रुपमा मात्र प्रयोग गर्न सकिनेछः-

(क) विशेष संरक्षणका नरहेका सांस्कृतिक सम्पत्ति

(ख) महासन्धि कार्यान्वयनको निमित्त बनेको नियमहरुमा उल्लिखित शर्तहरु बमोजिम नियन्त्रण गर्ने जिम्मेवारी पाएका व्यक्तिहरु,

(ग) सांस्कृतिक सम्पत्तिको संरक्षणमा संलग्न कर्मचारीहरु,

(घ) महासन्धि कार्यान्वयनका निमित्त वनेका नियमहरुमा उल्लिखित परिचय पत्र

(३) सशस्त्र द्वन्दका समयमा यस धाराका माथिका प्रकरणहरुमा उल्लेख गरिएका बाहेकका अबस्थामा विशिष्ट चिन्हको प्रयोग र विशिष्ट चिन्ह जस्तै लाग्ने अन्य चिन्हको प्रयोगलाई रोक लगाईनेछ ।

(४) उच्च सम्झौताकारी पक्षको राष्ट्रिय अधिकारीले दस्तखत गरेको रीतपूर्वकको अख्तियारीमा स्पष्ट रुपमा उल्लेख भएमा बाहेक कुनै पनि सांस्कृतिक सम्पत्ति मा विशिष्ट चिन्ह लगाउन पाइनेछैन ।

## परिच्छेद-६
## महासन्धिको प्रयोग क्षेत्र

धारा १८. महासन्धिको प्रयोग :

(१) शान्तिको समयमा लागू हुने व्यवस्थाहरु बाहेक प्रस्तुत महासन्धि दुई वा दुई भन्दा बढी उच्च सम्झौताकारी पक्ष बीच उत्पन्न भएको घोषित युद्ध वा अन्य कुनै सशस्त्र द्वन्दका समया पनि लागू हुनेछ यद्यपि त्यस्तो युद्धको स्थितिलाई एक वा एकभन्दा बढी पक्षहरुले मान्यता दिएको नहोस् ।

(२) कुनै उच्च सम्झौताकारी पक्षको भू-भाग आंशिक वा पूर्ण रुपमा कब्जा गरिएको सबै अबस्थामा समेत यो महासन्धि लागू हुनेछ यद्यपि सो कब्जाका अबस्थामा कुनै सशस्त्र प्रतिरोध भएको नहोस् ।

(३) द्वन्दरत पक्षहरु मध्ये कुनै एक शक्ति यस महासन्धिको पक्ष नभएको अबस्थामा पनि त्यसको पक्ष रहेका शक्तिहरु आफ्ना आपसी सम्बन्धमा महासन्धिको पालना गर्नेछन् । त्यस्तो पक्षले महासन्धिको व्यवस्था पालना गर्न मन्जुर गरेमा र त्यससंग सम्बन्धित भएमा उनीहरु पक्ष नभएको शक्तिका हकमा समेत महासन्धि पालना गर्न वाध्य हुनेछन् ।

### धारा १९. गैर अन्तर्राष्ट्रिय चरित्रका द्वन्दहरु

(१) कुनै उच्च सम्झौताकारी पक्षको भूभाग भित्र घटिरहेको गैर अन्तर्राष्ट्रिय चरित्रको सशस्त्र द्वन्दमा संलग्न रहेका प्रत्येक पक्षले सांस्कृतिक सम्पत्तिसंग सम्बन्धित कुरामा महासन्धिले गरेका व्यवस्थालाई पालन गर्न न्यूनतम रुपमा वाध्य हुनेछन् ।

(२) द्वन्दरत पक्षहरुले विशेष सम्झौताको माध्यमबाट प्रस्तुत महासन्धिका अन्य व्यवस्थाहरु कार्यान्वयन गर्न प्रयत्न गर्नेछन् ।

(३) द्वन्दरत पक्षहरुलाई संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनले आफ्नो सेवा ग्रहण गर्न अनुरोध गर्न सक्नेछ ।

(४) माथि उल्लिखित व्यवस्थाहरुको प्रयोगवाट द्वन्दरत पक्षहरुको कानूनी हैसियतमा कुनै प्रभाव पर्नेछैन ।

## परिच्छेद–७
## महासन्धिको कार्यान्वयन

### धारा २०. महासन्धि कार्यान्वयनका लागि नियमावली

यस महासन्धिलाई कार्याबयनमा ल्याउने कार्यविधिहरु यसको कार्यान्वयनका लागि बनाइएको नियमावलीमा परिभाषित छन्, जुन यस महासन्धिका अभिन्न अङ्ग हुन् ।

**धारा २१. संरक्षण गर्ने शक्ति**

यस महासन्धि र यसको कार्यान्वयन गर्ने नियमावली द्वन्दरत पक्षहरुको हितको रक्षा गर्ने जिम्मेवार संरक्षणकारी शक्तिसंगको सहयोगमा लागू गरिनेछ ।

**धारा २२. मेलमिलाप कार्यविधि**

(१) यस महासन्धिको प्रयोग वा खासगरी यसका व्यवस्थाहरुको वा यस अन्तर्गतका नियमहरुको व्याख्याका सम्बन्धमा कुनै विवाद वा असहमति देखा परेमा संरक्षणकारी शक्तिहरुले सांस्कृतिक सम्पत्तिको हितमा उपयोगी हुने भएमा आफ्ना कार्य क्षमताको प्रयोग गर्नेछन् ।

(२) यस प्रयोजनका लागि हरेक संरक्षण गर्ने शक्तिले कुनै पक्षको निमन्त्रणामा वा संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका महानिर्देशकको वा आफ्नै अगुवाइमा द्वन्दमा रहेका पक्षहरुलाई उनीहरुका प्रतिनिधिहरु र खासगरी सांस्कृतिक सम्पत्तिको संरक्षण गर्ने जिम्मेवारी भएका निकायहरुको बैठक उपयुक्त रुपमा छानिएको तटस्त भू-भागमा गर्न प्रस्ताव गर्न सक्नेछन् । द्वन्दरत पक्षहरुले उनीहरु समक्ष बैठककालागि गरिएको प्रस्तावलाई प्रभाबमा ल्याउनु पर्नेछ । संरक्षण गर्ने शक्तिहरुले द्वन्दरत पक्षहरुको समर्थनको लागि तटस्त शक्तिसंग सम्बद्ध कुनै व्यक्ति वा संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका महानिर्देशकले उपस्थित गराएको व्यक्तिलाई प्रस्तुत गर्नेछन् जसलाई त्यस्तो बैठकमा अध्यक्षको हैसियतमा कार्य गर्न आमन्त्रण गरिनेछ ।

**धारा २३. यूनस्कोको सहयोग**

(१) उच्च सम्झौताकारी पक्षले संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनलाई उनीहरुको सांस्कृतिक सम्पत्तिको संरक्षण गर्न वा यस महासन्धि वा

यसको कार्यान्वयन गर्ने नियमावलीको प्रयोगका सम्बन्धमा उठेको अन्य कुनै समस्या समाधान गर्ने सम्बन्धमा प्राविधिक सहायताका लागि आव्हान गर्न सक्नेछन् । सो संगठनले त्यस्तो सहयोग यसको कार्यक्रम र स्रोतहरुको सीमा भित्र रहेर उपलव्ध गराउनेछ ।

(२) संगठनले आफ्नै पहलमा पनि यस कुराका सम्बन्धमा उच्च सम्झौताकारी पक्षहरु समक्ष प्रस्ताव राख्न सक्नेछ ।

**धारा २४. विशेष सम्झौता**

(१) उच्च सम्झौताकारी पक्षहरु स्वयंले भिन्न व्यवस्था गर्न उपयुक्त छ भन्ने लागेमा उनीहरुले सबै बिषयमा विशेष समझौता गर्न सक्नेछन् ।

(२) यस महासन्धिले सांस्कृतिक सम्पत्तिको संरक्षण तथा यसको संरक्षणमा सम्बद्ध हुने कर्मचारीहरुलाई गरेको व्यवस्था निस्तेज गर्ने गरी कुनै पनि प्रकारको विशेष सम्झौता गर्न पाइने छैन ।

**धारा २५. महासन्धिको प्रचार प्रसारः**

उच्च सम्झौताकारी पक्षहरुले शान्तिको समयमा पनि युद्धका समयमा झै उनीहरुको आ-आफ्नो देशमा प्रस्तुत महासन्धि र नियमावलीलाई संभव भएसम्म व्यापक रुपमा कार्यान्वयन गर्न यस महासन्धिको पूर्ण पाठलाई वितरण गर्ने कबुल गर्दछन् । उनीहरुले खासगरी सैनिक तथा नागरिक स्तरका तालिमहरु संचालन गर्ने पनि कबुल गरेका छन् जसवाट यसका सिद्धान्तहरु बारेमा सबै जनतालाई खासगरी सांस्कृतिक सम्पत्ति जोगाउन संलग्न रहने कर्मचारी र शसस्त्र फौजलाई जानकारी होस् ।

धारा २६. प्रतिवेदनहरुको अनुवाद

(१) उच्च सम्झौताकारी पक्षले एक आपसमा संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका महानिर्देशक मार्फत् यस महासन्धि तथा नियमावलीको औपचारिक अनुवाद कार्यान्वयनका लागि उपलब्ध गराउनेछन् ।

(२) यसका अतिरिक्त हरेक चार बर्षमा कम्तिमा एक पटक तिनीहरुले वर्तमान महासन्धि तथा सोको कार्यान्वयन गर्न बनेको नियमावली कार्यन्वियन गर्नका लागि उनीहरुका आआफ्ना प्रशासनले के कस्ता उपायहरु गरेको वा तयारी गरेका वा सोचेका छन् भन्ने सम्बन्धमा उनीहरुलाई उपयुक्त लागेको जानकारी समेटिएको प्रतिवेदन महासचिव समक्ष पेश गर्नेछन् ।

धारा २७. बैठक

(१) राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका महानिर्देशकले कार्यकारी समितिको स्वीकृति लिई उच्च सम्झौताकारी पक्षका प्रतिनिधिहरुको बैठक बोलाउन सक्नेछन् । कम्तिमा पनि एक तिहाई उच्च सम्झौताकारी पक्षहरुले अनुरोध गरेमा उनले त्यस्तो बैठक अनिवार्य रुपमा बोलाउनु पर्नेछ ।

(२) यस महासन्धि वा त्यसको कार्यान्वयन गर्ने नियमावलीमा बैठकलाई तोकिएका कार्यहरुको सर्व सामान्यतामा प्रतिकूल प्रभाव नपारी त्यसरी बोलाइने बैठकको उद्देश्य महासन्धि र नियमावली कार्यान्वयन गर्ने सम्बन्धमा रहेका समस्याहरुको अध्ययन गर्ने र तत् सम्बन्धमा सिफारिशहरु दिने रहेको छ ।

(३) बैठकमा धारा ३९ बमोजिम वहुमत उच्च सम्झौताकारी पक्षहरुको प्रतिनिधित्व भएमा महासन्धि र सो को कार्यान्वयन गर्ने नियमावलीलाई पुनरावलोकन गर्ने कार्य गर्नेछन् ।

धारा २८. सजाय

उच्च सम्झौताकारी पक्षहरुले आ-आफ्नो देशको सामान्य फौज्दारी अधिकार क्षेत्र भित्र यस महासन्धिको उल्लघंन गर्ने वा उल्लघंन गर्न आदेश दिने जुनसुकै राष्ट्रियता भएको व्यक्ति भएपनि निज विरुद्ध मुद्दा चलाउने र सजाय वा अनुशासनात्मक कारवाही गर्ने सम्बन्धमा सबै आवश्यक कदम चाल्नेछन् ।

## आखिरी व्यवस्थाहरु

धारा २९. भाषा

(१) यो महासन्धि अंग्रेजी, फ्रेन्च, रसियन तथा स्पेनीस् भाषाहरुमा तयार पारिएको छ र चारैवटा प्रतिहरु समान रुपमा आधिकारिक हुनेछन् ।

(२) संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनले आफ्नो महासभाका औपचारिक भाषाहरुमा यस महासन्धिलाई अनुवाद गर्ने व्यवस्था मिलाउनेछ ।

धारा ३०. हस्ताक्षर

यो महासन्धि पारित भएको मिति मे १४, १९५४ हुनेछ र हेगमा अप्रिल २१,१९५४ देखि मे १४, १९५४ सम्म भएको सम्मेलनमा आमन्त्रण गरिएका राज्यहरुवाट हस्ताक्षरका लागि डिसेम्बर ३१, १९५४ सम्म खुला रहनेछ ।

धारा ३१. अनुमोदन

(१) यस महासन्धिलाई हस्ताक्षरकारी राज्यहरुवाट आ-आफ्नो संवैधानिक कार्यविधि अनुरुप अनुमोदन गरिनु पर्नेछ ।

(२) अनुमोदनको लिखत संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका महानिर्देशक समक्ष दर्ता गरिनेछ ।

**धारा ३२. सम्मीलन**

यो महासन्धि लागू भएको मिति देखि धारा ३० मा उल्लिखित सबै राज्यहरु जसले यसमा हस्ताक्षर गरेका छैनन तथा संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनको कार्यकारी समितिले सम्मीलन गर्न आव्हान गरेको अन्य कुनै राज्यले सम्मीलन गर्नका लागि खुला रहनेछ । सम्मीलन संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका महानिर्देशक समक्ष सम्मीलनको लिखत दर्ता गराएपछि लागू हुनेछ ।

**धारा ३३. लागू हुने**

(१) प्रस्तुत महासन्धि पाँचवटा अनुमोदनका लिखत दर्ता गरेको तीन महीनापछि लागू हुनेछ ।

(२) त्यसपछि हरेक उच्च सम्झौताकारी पक्षका हकमा अनुमोदन वा सम्मीलनको लिखत दर्ता गरेको तीन महीना पछि यो महासन्धि लागू हुनेछ ।

(३) धारा १८ र १९ मा उल्लिखित अवस्थाले पक्षहरुद्वारा प्रस्तुत गरिएको अनुमोदन वा सम्मीलनलाई शत्रुता वा कब्जा शुरुआतको अघि वा पछिको द्वन्दमा तुरुन्तै प्रभावकारी गराउनेछ । यस्तो अबस्थामा संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनको महा निर्देशकले धारा ३८ मा उल्लिखित संचारलाई सबैभन्दा छिटो माध्यमबाट पठाउनेछ ।

**धारा ३४. प्रभावकारी कार्यान्वयन**

(१) महासन्धिका हरेक पक्षराज्यले महासन्धि आफ्नो हकमा लागू भएको मितिले छ महिना भित्र यसको प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक सबै उपायहरु सुनिश्चित गरिसक्नु पर्नेछ ।

(२) महासन्धि लागू भएको मिति पछि कुनै पक्ष राज्यले अनुमोदन वा सम्मीलनको लिखत दाखिला गर्ने कुनै पक्ष राज्यको हकमा त्यस्तो अवधि अनुमोदन वा सम्मीलनको लिखत दाखिला गरेको मितिले छ महीनाको हुनेछ ।

**धारा ३५. महासन्धिको भौगोलिक विस्तार**

कुनै उच्च सम्झौताकारी पक्षले अनुमोदन वा सम्मीलनका वखत वा त्यसपछिको कुनैपनि समयमा संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका महानिर्देशकलाई सम्बोधन गरी दिएको सूचना मार्फत् त्यस्तो राज्य अन्तर्राष्ट्रिय सम्बन्धका विषयमा आफू जिम्मेवार रहनु पर्ने कुनै वा सबै भू-भागमा पनि प्रस्तुत महासन्धि लागू हुने कुराको घोषणा गर्न सक्नेछ । त्यस्तो सूचना प्राप्त भएको तीन महीनापछि प्रभावकारी हुनेछ ।

**धारा ३६. अघिका महासन्धिहरु संग सम्बन्ध**

(१) सन् १८९९ का जुलाई २९ मा वा सन् १९०७ को अक्टोवर १८ मा सम्पन्न भएका कन्भेन्सन अफ हेग कन्सर्निङ्ग द ल एण्ड कष्टम अफ बार अन लेण्ड (iv) एण्ड कन्सर्निङ्ग नभाल बम्वार्डमेण्ट इन टाइम अफ वार (ix) लाई पालना र गर्ने यस महासन्धिको समेत पक्ष भएका शक्तिहरुको बीचको सम्बन्धका हकमा सो आखिरी महासन्धि माथि उल्लिखित महासन्धि (ix) र महासन्धि (iv) को कार्यान्वयनका लागि बनेको नियमावलीको पूरकको रुपमा रहनेछ । साथै माथि उल्लिखित महासन्धि (ix) को धारा ५ मा उल्लिखित चिन्हलाई यस महासन्धि र

यसको कार्यान्वयन गर्न बनेको नियमावलीले यस विशिष्ट चिन्हको प्रयोग गर्नुपर्ने कुरा उल्लेख गरेको अवस्थामा यस महासन्धिको धारा १६ मा उल्लिखित चिन्हले प्रतिस्थापन गनेछ ।

(२) कलात्मक तथा वैज्ञानिक संस्थाहरु तथा ऐतिहासिक स्मारकहरुको संरक्षण सम्बन्धी अप्रिल १५, १९३५ मा सम्पन्न वासिङ्गटन प्याक्ट (रोईरिच प्याक्ट) र यस महासन्धिको पक्ष हुने शक्तिहरुका बीचको सम्बन्धमा पछिल्लो महासन्धि रोइरिच प्याक्ट को पूरको रुपमा हुनेछ र यसले सो प्याक्टको धारा ३ मा उल्लिखित विशिष्ट झण्डालाई यस महासन्धि र यसको कार्यान्वयन गर्न बनेको नियमावलीले यस विशिष्ट चिन्हको प्रयोग गर्नुपर्ने कुरालाई उल्लेख गरेको अवस्थामा यस महासन्धिको धारा १६ मा उल्लिखित चिन्हले प्रतिस्थापन गर्नेछ ।

**धारा ३७. परित्याग**

(१) हरेक उच्च सम्झौताकारी पक्षले आफ्नो तर्फबाट वा जसको अन्तर्राष्ट्रिय सम्बन्ध प्रति त्यो पक्ष जिम्मेवार रहेको छ, त्यस्तो भू-भागका तर्फबाट वर्तमान महासन्धि परित्याग गर्न सक्नेछ ।

(२) त्यस्तो परित्यागको जानकारी संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका महानिर्देशकलाई लिखित रुपमा दिइनेछ ।

(३) परित्यागको लिखत प्राप्त भएको मितिले एक वर्षपछि परित्याग प्रभावकारी हुनेछ । तर यदि सो अवधि व्यतित भएपछि सो परित्याग गर्ने पक्ष कुनै सशस्त्र द्वन्दमा समावेश भएमा शत्रुताको अन्त्य नभएसम्म वा सांस्कृतिक सम्पत्तिलाई पुनस्थापना गर्ने कार्य सम्पन्न नहुँदा सम्म जुन अवधि पछि हुन्छ, त्यस्तो परित्याग प्रभावकारी हुनेछैन ।

**धारा ३८. जानकारी दिने**

संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका महानिर्देशकले धारा ३१, ३२, र ३९ बमोजिम गरिएको अनुमोदन, सम्मीलन, स्वीकृति वा समर्थनको लिखत दाखिल भएको र धारा ३५, ३७ र ३९ मा क्रमशः उल्लेख भएको सूचना र परित्याग सम्बन्धी जानकारी धारा ३० र ३२ मा उल्लिखित राज्यहरु र संयुक्त राष्ट्र संघलाई पठाउनेछ ।

**धारा ३९. महासन्धि तथा यसको कार्यान्वयन गर्ने नियमावलीको पुनरावलोकन**

(१) कुनै उच्च सम्झौताकारी पक्षले यस महासन्धि तथा यसको कार्यान्वयन गर्ने नियमावलीमा संशोधनको प्रस्ताव पेश गर्न सक्नेछ । प्रस्तावित संधोधनको मस्यौदालाई संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनमा महानिर्देशक समक्ष पठाउनु पर्नेछ जसले यसलाई हरेक उच्च संझौताकारी पक्षलाई देहायका कुरामा चार महिनाभित्र जवाफ दिन अनुरोध समेत गर्नेछ :-

(क) प्रस्तावित संशोधनमा विचार गर्न सम्मेलन आयोजना होस वा नहोस् भन्ने सम्बन्धमा,

(ख) सम्मेलनको आयोजना नै नगरी प्रस्तावित संशोधनमा स्वीकृति जनाउने सम्बन्धमा वा

(ग) सम्मेलनको आयोजना नै नगरी प्रस्तावित संशोधनमा अस्वीकृति जनाउने सम्बन्धमा ।

(२) प्रकरण (१) अन्तर्गत प्राप्त भएका जवाफहरु महानिर्देशकले सबै उच्च सम्झौताकारी पक्षहरुलाई पठाउनेछ ।

(३) यदि सबै उच्च सम्झौताकारी पक्षहरुले तोकिएको समय-सीमा भित्र संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका महानिर्देशकलाई उनीहरुको धारणा यस धाराको प्रकरण (१) (ख) बमोजिम दिई सम्मेलनको

आयोजना विना नै त्यस्तो संशोधनको प्रस्ताव स्वीकार गरेमा महानिर्देशकले त्यस्तो जानकारी धारा ३८ बमोजिम दिनेछ । त्यस्तो संशोधन सबै उच्च सम्झौताकारी पक्षका हकमा त्यस्तो जानकारी प्राप्त गरेको नव्बेऔं दिनको समाप्ति पछि प्रभावकारी हुनेछ ।

(४) एक तिहाई भन्दा बढी उच्च सम्झौताकारी पक्षले अनुरोध गरेमा महानिर्देशकले प्रस्तावित संशोधन उपर विचार गर्न उच्च सम्झौताकारी पक्षहरुको सम्मेलन आयोजना गर्नेछ ।

(५) यस महासन्धि वा नियमावलीमा गरिएको कुनै पनि संशोधन जसका सम्बन्धमा माथिका प्रकरणमा उल्लेख गरिएको प्रावधान अनुरुप, सम्मेलनमा उपस्थिति उच्च सम्झौताकारी पक्षका प्रतिनिधिहरुले सर्वसम्पतिले पारित गरेमा र प्रत्येक उच्च सम्झौताकारी पक्षले स्वीकार गरेमा मात्र पारित भएको मानिनेछ ।

(६) उच्च संझौताकारी पक्षहरुले महासन्धि वा नियमावलीको संशोधनलाई प्रकरण (४) र (५) बमोजिम सम्मेलनवाट स्वीकार गरेमा सोलाई संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका महानिर्देशक समक्ष अनौपचारिक लिखत पठाई प्रभावकारी तुल्याइनेछ ।

(७) प्रस्तुत महासन्धि वा नियमावलीमा गरिएको संशोधन लागू भएपछि त्यसरी संशोधन भएको महासन्धि वा नियमावलीको अंश मात्र अनुमोदन वा सम्मीलनको लागि खुला रहेनछ ।

### धारा ४०. दर्ता

संयुक्त राष्ट्र संघको वडापत्रको धारा १०२ अनुसार संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका महानिर्देशकको अनुरोधमा यस महासन्धिलाई संयुक्त राष्ट्र संघको सचिवालयमा दर्ता गरिनेछ ।

तलका हस्ताक्षरकारीप्रतिको विश्वासका साथ रीतपूर्वक अख्तियारी पाएका हामीले यस महासन्धिमा हस्ताक्षर गरेका छौं ।

आज सन् १९५४ को मे महीनाको चौधौं दिन हेगमा एक मात्र प्रतिमा हस्ताक्षर गरिएको छ जुन संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनको अभिलेखालयमा सुरक्षित रहनेछ र यसका प्रामाणित आधिकारिक प्रतिहरु धारा ३० र ३२ मा उल्लिखित सबै राज्यहरु तथा संयुक्त राष्ट्र संघमा समेत  पठाइनेछ ।

## सशस्त्र द्वन्दका समयमा सांस्कृतिक सम्पत्तिकोसुरक्षा सम्बन्धी महासन्धिको कार्यान्वयन गर्ने सम्बन्धी नियमावली

## परिच्छेद- १
## नियन्त्रण

धारा १. व्यक्तिहरुको अन्तर्राष्ट्रिय सूची :

यो महासन्धि लागू भएपछि राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका महानिर्देशकले सांस्कृतिक सम्पत्तिको कमिशनर जनरलको रुपमा कार्य गर्न योग्यता पुगेका व्यक्ति भनी उच्च सम्झौताकारी पक्षहरुले मनोनयन गरेका सबै व्यक्तिहरुको नामावली भएको अन्तर्राष्ट्रिय सूची संग्रह गर्नेछ । राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका महानिर्देशकको अगुवाईमा उच्च सम्झौताकारी पक्षहरुले गरेको अनुरोधका आधारमा यस सूचीलाई आवधिक रुपमा पुनरावलोकन गरिनेछ ।

धारा २. नियन्त्रण गर्ने संगठन

महासन्धिको धारा १८ लागू हुने कुनै उच्च सम्झौताकारी पक्ष सशस्त्र द्वन्दमा संलग्न हुनासाथ,

(क) उक्त पक्षले आफ्नो भू-भागका रहेका सांस्कृतिक सम्पत्तिको निमित्त प्रतिनिधि नियुक्त गर्नेछ  र अर्काको भू-भाग कब्जा गरेको भएमा त्यस्तो भू-भागमा रहेका सांस्कृतिक सम्पत्तिको निमित्त विशेष प्रतिनिधि नियुक्त गर्नेछ ।

(ख) त्यस्तो उच्च सम्झौताकारी पक्ष संग द्वन्दमा रहेको हरेक पक्षलाई संरक्षण गर्ने शक्तिले तल धारा ३ अनुकूल हुनेगरी त्यस्तो उच्च सम्झौताकारी पक्ष समक्ष प्रतिनिधि नियुक्त गरी पठाउनेछ ।

(ग) त्यस्तो उच्च सम्झौताकारी पक्षको हकमा धारा ४ बमोजिम सांस्कृतिक सम्पत्तिको निमित्त कमिशनर जनरल नियुक्त गरिनेछ ।

### धारा ३. संरक्षण गर्ने शक्तिका प्रतिनिधिको नियुक्ति

संरक्षणकारी शक्तिले आफ्ना प्रतिनिधि नियुक्ति गर्दा उसको कुटनीतिक वा कन्सुलर कर्मचारी मध्यवाट वा त्यसरी प्रतिनिधि पठाउने देशको स्वीकृति लिएर अन्य व्यक्ति मध्येवाट पनि नियुक्त गर्नेछ ।

### धारा ४. कमिशनर -जनरलको नियुक्ति

(१) सांस्कृतिक सम्पत्तिको निमित्त कमिशनर-जनरलको नियुक्ति गर्दा त्यस्तो व्यक्ति पठाइने पक्ष र विरोधी पक्षको तर्फबाट प्रतिनिधित्व गर्ने संरक्षणकारी शक्ति बीचको सम्झौता बमोजिम व्यक्तिहरुको अन्तर्राष्ट्रिय सूचीवाट छनौट गरिनेछ ।

(२) यस कुराका सम्बन्धमा छलफल शुरु भएको तीन हप्ता भित्र पक्षहरु सम्झौतामा पुग्न नसकेमा तिनीहरुले अन्तर्राष्ट्रिय न्यायालयका सभापतिलाई कमिशनर-जनरल नियुक्त गरिदिन अनुरोध गर्नेछन्. जस्ले त्यस्तो व्यक्ति पठाइने पक्षले निजको नियुक्ति स्वीकृत नगरेसम्म आफ्नो कार्य प्रारम्भ गर्ने छैनन् ।

### धारा ५. प्रतिनिधिका कार्यहरु

संरक्षणकारी शक्तिका प्रतिनिधिले महासन्धिको उल्लघंनका घटनाको टिपोट गर्न खटिई आएको पक्षको अनुमति लिएर कस्तो अबस्थामा ती घटना घटे भन्ने बारेमा अनुसन्धान गर्ने, त्यसको रोकथाम सुनिश्चित गर्न स्थानीय स्तरमा प्रतिनिधित्व गर्ने र आवश्यक परेमा त्यस्तो उल्लघंनको बारेमा कमिशनर-जनरललाई सूचित गर्ने कार्यहरु गर्नेछन् । तिनीहरुले कमिशन-जनरललाई गरेका कामको बारेमा पनि जानकारी दिने छन् ।

**धारा ६. कमिशनर-जनरलका कार्यहरु**

(१) सांस्कृतिक सम्पत्तिका निमित्त कमिशनर-जनरलले यस महासन्धिको प्रयोगका सम्बन्धमा उनलाई पठाइएका सबै कार्यहरु उसलाई पठाइएको पक्षका प्रतिनिधि र सम्बन्धित प्रतिनिधिहरुसंग मिलेर गर्नेछ ।

(२) उनलाई यस नियमावलीमा तोकिए बमोजिमका अबस्थामा निर्णय गर्ने र नियुक्ति गर्ने अधिकार रहनेछ ।

(३) उनलाई पठाइएको पक्ष संग सम्झौता गरी अनुसन्धान गर्न अनुमति दिने वा आफै अनुसन्धान गर्ने अधिकार निजलाई हुनेछ ।

(४) द्वन्दरत पक्षहरु संग वा संरक्षणकारी शक्तिसंग महासन्धि कार्यान्वयन गर्न उपयोगी देखेका कुनै पनि कुरामा निजले प्रतिनिधित्व गर्न सक्दछ ।

(५) उनले महासन्धि कार्यान्वयनका सम्बन्धमा त्यस्तो प्रतिवेदन राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका महानिर्देशक समक्ष पनि उठाउनेछ र निजले त्यसको प्राविधिक कुराहरु मात्र उपयोग गर्न सक्नेछ ।

(६) संरक्षणकारी शक्ति नभएको अबस्थामा महासन्धिको धारा २१ र २२ बमोजिम कमिशनर-जनरलले संरक्षणकारी शक्तिका कार्यहरु पनि गर्नेछ ।

**धारा ७. निरीक्षक तथा विशेषज्ञ**

(१) सांस्कृतिक सम्पत्तिका निमित्त कमिशनर जनरलले आवश्यक ठानेको कुनै पनि बखत सम्बन्धित प्रतिनिधिहरुको अनुरोधमा वा तिनीहरु संग छलफल गरेपछि उनलाई पठाइएको पक्षको स्वीकृतिको निमित्त उनले सांस्कृतिक सम्पत्तिको निमित्त एक निरीक्षक खटाई कुनै खास कामको लागि प्रस्ताव गर्न सक्नेछ । त्यस्तो निरीक्षक केबल कमिशनर-जनरल प्रतिमात्र जवाफदेही हुनेछ ।

(२) कमिशनर-जनरल, प्रतिनिधि र निरीक्षकले माथिका प्रकरणहरुमा उल्लिखित पक्षको स्वीकृति लिई विशेषज्ञहरुको सेवा लिन सक्नेछन् ।

**धारा ८. नियन्त्रण मिशनको समाप्ति**

सांस्कृतिक सम्पत्तिको निमित्त कमिशनर-जनरल, संरक्षण गर्ने शक्तिका प्रतिनिधि, निरीक्षक तथा विशेषज्ञले कुनै पनि अवस्थामा उनीहरुको कार्य-सीमाको उल्लघंन गर्ने छैनन । खासगरी उनीहरुले उच्च सम्झौताकारी पक्षका सुरक्षा सम्बन्धी आवश्यकतालाई ध्यानमा राख्नेछन र उच्च सम्झौताकारी पक्षले जानकारी गराए अनुरुपको सैनिक अवस्थाको आवश्यकता बमोजिम सबै अबस्थामा कार्य गर्नेछन् ।

**धारा ९. संरक्षणकारी शक्तिको सट्टामा अरु खटाउन सकिने**

कुनै द्वन्दरत पक्षले संरक्षणकारी शक्तिका गतिविधिबाट कुनै फाइदा प्राप्त गर्न नसकेमा वा फाइदा प्राप्त गर्न छाडेमा संरक्षणकारी शक्तिको कार्य गर्न कुनै तटस्त राष्ट्रलाई अनुरोध गर्न सकिनेछ जुन कार्य माथि धारा ४ बमोजिम सांस्कृतिक सम्पत्तिको निमित्त कमिशनर-जनरलको नियुक्तिसंग सम्बन्धित छ । त्यसरी नियुक्त कमिशनर-जनरलले आवश्यकता परेमा यस नियमावलीमा संरक्षण गर्ने शक्तिको प्रतिनिधिलाई तोकिए बमोजिमका शर्तहरु पालना गर्ने गरी निरीक्षक खटाउनेछ ।

**धारा १०. खर्च**

सांस्कृतिक सम्पत्तिको निमित्त कमिशनर-जनरल, निरीक्षक तथा विशेषज्ञको तलब र खर्च रकम जुन पक्ष कहाँ तिनीहरुलाई खटाइएको हो, सोही पक्षले नै व्यहोर्नु पर्नेछ । संरक्षणकारी शक्तिका प्रतिनिधिहरुको तलब र खर्च त्यस्तो शक्ति र जुन देशको हितको रक्षा गरिरहिएको छ, सो देश बीचको सम्झौता बमोजिम हुनेछ ।

## परिच्छेद-२
## विशेष संरक्षण

### धारा ११. विशेष सुरक्षाको व्यवस्था

(१) यदि कुनै सशस्त्र द्वन्द भइरहेको अबस्थामा कुनै उच्च सम्झौताकारी पक्षले अदृश्य परिस्थितिको कारण विशेष प्रकारको सुरक्षाको व्यवस्था गर्ने र त्यसलाई विशेष संरक्षण अन्तर्गत राख्नु पर्छ भन्ने इच्छा व्यक्त गरेमा उसले सो कुराको जनाउ तत्कालै सो पक्षका लागि खटाइएको कमिशनर-जनरललाई दिनु पर्नेछ ।

(२) यदि कमिशनर-जनरलले परिस्थितिको कारण सो सांस्कृतिक सम्पत्तिको महत्वको कारण त्यस्तो व्यवस्था गर्न उचित ठानेमा उसले उच्च सम्झौताकारी पक्षलाई त्यस्तो संरक्षण स्थलमा महासन्धिको धारा १६ मा उल्लिखित विशिष्ट चिन्ह प्रदर्शन गर्ने अख्तियारी प्रदान गर्न सक्नेछ । उसको यस निर्णयलाई ढिलाई नगरी सम्बन्धित संरक्षण गर्ने शक्तिहरुलाई दिनेछ र उनीहरुमध्ये प्रत्यकले तीस दिन भित्रमा चिन्ह फिर्ता लिनका लागि आदेश दिन सक्नेछ ।

(३) त्यस्ता प्रतिनिधिले उनीहरुको सहमति व्यक्त गर्न सक्ने वा सम्बन्धित प्रतिनिधिले कुनै विरोध नजनाई तीस दिनको म्याद गुज्रेमा र यदि कमिशनर जनरलका विचारमा त्यस्ता संरक्षित स्थलले महासन्धिको धारा ८ मा उल्लिखित शर्तहरु पुरा गरेमा कमिशनर जनरलले संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका महा-निर्देशकलाई त्यस्तो स्थानलाई विशेष संरक्षण अन्तर्गतको सांस्कृतिक सम्पत्तिको रजिष्ट्रारमा दर्ता गर्न अनुरोध गर्नेछ ।

### धारा १२. विशेष संरक्षणमा रहेको सांस्कृतिक सम्पत्तिको अन्तर्राष्ट्रिय अभिलेख (रजिष्ट्रर)

(१) "विशेष संरक्षणमा रहेका सांस्कृतिक सम्पत्तिको अन्तर्राष्ट्रिय अभिलेख (रजिष्ट्रर)" तयार पारिनेछ ।

(२) संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका महानिर्देशकले सो अभिलेख खडा गर्नेछन् । यसका प्रतिहरु उनले संयुक्त राष्ट्र संघका महासचिव र उच्च सम्झौताकारी पक्षहरुलाई उपलव्ध गराउनेछन् ।

(३) हरेक उच्च सम्झौताकारी पक्षका लागि अभिलेखलाई खण्ड/खण्डमा विभाजन गरिनेछ । हरेक खण्डलाई तीन प्रकरणमा उप विभाजन गरिनेछ जसको शीर्षकमा संरक्षित स्थान, स्मारक रहेको केन्द्र र अन्य अचल सम्पत्ति राखिनेछ । महानिर्देशकले हरेक खण्डमा के कस्तो विवरण राख्ने भन्ने सम्बन्धमा निर्णय गर्नेछ ।

## धारा १३. दर्ताको लागि अनुरोध

(१) कुनै उच्च सम्झौताकारी पक्षले संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका महानिर्देशकलाई आफ्नो भू-भाग भित्रका कुनै संरक्षित ठाउं, स्मारक रहेको केन्द्र वा अन्य अचल सांस्कृतिक सम्पत्ति लाई अभिलेखमा दर्ता गर्नका लागि निवेदन दिन सक्नेछ । त्यस्तो निवेदन साथ त्यस्तो सम्पत्ति रहेको स्थानको विवरण संलग्न गरी र त्यस्तो सम्पत्तिले महासन्धिको धारा ८ मा गरिएको व्यवस्था पूरा गरेको छ भन्ने प्रमाणित गर्नेछ ।

(२) कब्जामा लिइएको अबस्थामा कब्जामा लिने शक्तिले त्यस्तो निवेदन दिन सक्नेछ ।

(३) संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका महानिर्देशकले ढिला नगरी दर्ताको निवेदनका प्रतिहरु हरेक उच्च सम्झौताकारी पक्षलाई पठाउने छ ।

## धारा १४. विरोध

(१) कुनै उच्च सम्झौताकारी पक्षले संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका महानिर्देशकलाई सम्बोधन गरेको पत्र मार्फत सांस्कृतिक

सम्पत्तिको दर्ताको विरोध गर्न सक्नेछ । यस्तो पत्र निजले दर्ताको निवेदनको प्रति पठाएको मितिले चार महिनाभित्र प्राप्त गरिसक्नु पर्छ ।

(२) त्यस्तो विरोध गर्दा तलका मध्ये कुनै मान्य आधार वा कारण खुलाउनु पर्नेछ :-

(क) त्यो सम्पत्ति सांस्कृतिक सम्पत्ति नभएको,

(ख) त्यस्तो सम्पत्तिले महासन्धिको धारा ८ मा उल्लिखित शर्त पूरा नगरेको ।

(३) महानिर्देशकले विरोधको निवेदनको प्रति ढिलो नगरी उच्च सम्झौताकारी पक्ष समक्ष पठाउनेछ । आवश्यक परेमा निजले स्मारक, कलात्मक र ऐतिहासिक स्थल तथा पुरातात्विक उत्थनन् सम्बन्धी अन्तर्राष्ट्रिय समितिबाट सल्लाह माग गर्न सक्नेछ र निजलाई उपयुक्त लागेमा  निजले अन्य कुनै सक्षम संस्था वा व्यक्तिसंग पनि राय माग गर्न सक्नेछन्  ।

(४) महानिर्देशक वा दर्ता गराउन अनुरोध गर्ने उच्च सम्झौताकारी पक्षले विरोध गर्ने उच्च सम्झौताकारी पक्ष समक्ष सो विरोधलाई फिर्ता लिन लगाउन आवश्यकता अनुसारको प्रतिनिधित्व गर्न सक्नेछ ।

(५) शान्तिको समयमा दर्ताको लागि निवेदन दिने उच्च सम्झौताकारी पक्ष त्यस्तो दर्ता हुनु भन्दा अगावै सशस्त्र द्वन्दमा संलग्न  भएमा सम्बन्धित सांस्कृतिक सम्पत्तिलाई महा निर्देशकले अस्थायी रुपमा त्यस्तो उजुरी सदर वा बदर नहुन्जेलसम्म वा फिर्ता नहुन्जेलसम्म एक पटक दर्ता गर्नेछ ।

(६) विरोधको पत्र प्राप्त भएको छ महिनाको अवधिभित्र महानिर्देशकले विरोध जनाउने पक्षबाट विरोध फिर्ता लिएको जनाउ नआएमा दर्ताको लागि निवेदन गर्ने पक्षले यस सम्बन्धमा तलका प्रकरण बमोजिम मध्यस्थता गराई पाउँभनी अनुरोध गर्न सक्नेछ ।

(७) महानिर्देशकले विरोधको पत्र प्राप्त गरेको एक बर्षपछि मध्यस्थताको निवेदन दिन सकिने छैन । दुइटै पक्ष प्रत्येकले एक एक जना मध्यस्थ नियुक्त गर्नेछन् । दर्ताको निवेदन विरुद्ध एक भन्दा बढी विरोध पेश भएको भए विरोध जनाउने

उच्च सम्झौताकारी पक्षहरुले सहमतिले एकजना मात्र मध्यस्थ नियुक्त गर्नेछन् । यी दुई मध्यस्थहरुले यस नियमावलीको धारा १ मा उल्लिखित अन्तर्राष्ट्रिय सूचीवाट एकजना मुख्य मध्यस्थ नियुक्त गर्नेछन् । त्यस्ता मध्यस्थहरुले आफ्नो छनौटका सम्बन्धमा निर्णय गर्न नसकेमा तिनीहरुले अन्तर्राष्ट्रिय न्यायालयका सभापतिलाई मुख्य मध्यस्थ नियुक्त गरिदिन अनुरोध गर्नेछन्, जसले सो अन्तर्राष्ट्रिय सूचीबाटै मुख्य मध्यस्थ नियुक्त गर्नुपर्छ भन्ने छैन । त्यसरी बनेको मध्यस्थ न्यायाधिकरणले आफ्नो कार्यविधि आफै तय गर्नेछ । यस्ले गरेको निर्णयमा पुनरावेदन लाग्नेछैन ।

(८) हरेक उच्च सम्झौताकारी पक्षले आफू पक्ष भएको कुनै बिषयमा विवाद उत्पन्न भएमा माथिको प्रकरण बमोजिम मध्यस्थको कार्यविधि प्रयोग गर्न नचाहेको कुराको घोषणा गर्न सक्नेछ । त्यस्तो अबस्थामा दर्ता विरुद्ध परेको विरोधलाई महानिर्देशकले उच्च सम्झौताकारी पक्षहरु समक्ष पेश गर्नेछ । त्यस्मा मत दिने उच्च सम्झौताकारी पक्षहरुको दुई तिहाई बहुमतले निर्णय गरेमा मात्र विरोध सुनिश्चित हुनेछ । राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका महानिर्देशकले महासन्धिको धारा २७ ले उनलाई प्रदान गरेको अधिकार बमोजिम उनले बैठक नै बस्न आवश्यक देखेमा बाहेक मतदान पत्राचार मार्फत् हुनेछ । महानिर्देशकले पत्राचार मार्फत् मतदान गराउने निर्णय गरेमा निजले उच्च सम्झौताकारी पक्षहरुलाई अनुरोध पठाएको छ महीना भित्र सिलवन्दी पत्र मार्फत् मत व्यक्त गर्न आमन्त्रण गर्नेछन् ।

### धारा १५. दर्ता

(१) राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका महानिर्देशकले धारा १४ को प्रकरण (१) मा उल्लिखित समयावधिभित्र कुनै विरोध प्राप्त नगरेमा

अभिलेखमा सिलसिलेवार नम्वर राखी दर्ताको लागि निवेदन गरिएको हरेक सम्पत्तिलाई दर्ता गर्न लगाउनेछन् ।

(२) बिरोध गरिएमा धारा १४ को प्रकरण (५) को व्यवस्थामा प्रतिकूल प्रभाव नपारी यदि सो विरोध फिर्ता लिएको वा धारा १४ को प्रकरण (७) वा (८) को कार्यविधि अपनाउंदा विरोध कायम रहन सकेन भने मात्र महानिर्देशकले सो सम्पत्तिलाई दर्ता गर्नेछन् ।

(३) धारा ११ को प्रकरण (३) को व्यवस्था लागू भएको अबस्थामा सांस्कृतिक सम्पत्तिका निमित्त कमिशनर-जनरलले अनुरोध गरेमा महानिर्देशकले सो सम्पत्ति दर्ता गर्नेछन् ।

(४) महानिर्देशकले ढिलाई नगरी राष्ट्र संघका महासचिव उच्च सम्झौताकारी पक्षहरु र दर्ता गर्ने अनुरोध गर्ने पक्षको अनुरोधमा महासन्धिको धारा ३० र ३२ मा उल्लिखित अन्य सबै राज्यहरुलाई दर्ता गरिएका हरेक वस्तुको प्रमाणित प्रति पठाउनेछन । त्यसरी प्रति पठाएको तीस दिन पछि दर्ता प्रभावकारी हुनेछ ।

## धारा १६. खारेजी

(१) संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका महानिर्देशकले देहायको कुनै अबस्थामा कुनै पनि सम्पत्तिको दर्ता खारेज गर्न लगाउन सक्नेछन्ः-

(क) सो सांस्कृतिक सम्पत्ति रहेको भू-भागको उच्च सम्झौताकारी पक्षको अनुरोधमा

(ख) दर्ताको अनुरोध गर्ने उच्च सम्झौताकारी पक्षले महासन्धि परित्याग गरेकोमा त्यस्तो परित्याग प्रभावकारी भएपछि

(ग) धारा १४ को प्रकरण (५) को विशेष अबस्थामा धारा १४ को प्रकरण ७ वा (८) मा उल्लिखित कार्यविधि पूरा गरी विरोध स्थापित भएमा ।

(२) महानिर्देशकले ढिलाई नगरी संयुक्त राष्ट्र संघको महासचिव र रजिष्ट्रमा दर्ता भएको प्रति प्राप्त गर्ने सबै राज्यलाई दर्ता बदर भएको कुराको प्रमाणित प्रति पठाउनेछ । त्यस्तो प्रति पठाइएको तीस दिन पछि दर्ता बदर प्रभावकारी हुनेछ ।

## परिच्छेद-३
## सांस्कृतिक सम्पत्तिको स्थानान्तरण

### धारा १७. उन्मुक्ति प्राप्त गर्ने कार्यविधि

(१) महासन्धिको धारा १२ को प्रकरण (१) मा उल्लिखित अनुरोध सांस्कृतिक सम्पत्तिको निमित्त कमिशनर-जनरललाई सम्बोधन गरी दिनु पर्नेछ । यसमा के कारण स्थानान्तरण गर्नु परेको हो., यसको संख्या र सार्नुपर्ने वस्तुको महत्व, ती वस्तु हाल रहेको स्थान, अब राख्न सोचिएको स्थान,स्थानान्तरणमा प्रयोग गरिने साधन, लैजाने बाटो, स्थानान्तरण गर्ने प्रस्तावित मिति र अन्य सान्दर्भिक जानकारी संलग्न रहनुपर्नेछ ।

(२) कमिशनर जनरलले उपयुक्त सम्झेको राय परामर्श गरेपछि त्यस्तो स्थानान्तरण उपयुक्त लागेमा सम्बन्धित संरक्षण गर्ने शक्तिका प्रतिनिधिहरुसंग सो कार्य गर्ने सम्बन्धमा परामर्श गर्नेछ । त्यस्तो परामर्श पछि त्यस्तो स्थानान्तरण संग सम्बन्धित द्वन्दरत पक्षहरुलाई सबै उपयोगी जानकारी समेतको सूचना पठाउनेछ ।

(३) कमिशनर जनरलले एक वा एक भन्दा बढी निरीक्षक नियुक्त गर्नेछ जसले अनुरोध गरिएको मात्र सम्पत्ति स्थानान्तरण हुँदैछ, स्वीकृत तरीकाबाट स्थानान्तरण(ा हुँदैछ र त्यसमा विशिष्ट चिन्ह अंकित हुनेछ भन्ने कुरामा ढुक्क भएको हुनु पर्नेछ । निरीक्षक वा निरीक्षकहरुले नयाँ लागिने स्थानसम्म सम्पत्तिका साथमा जानुपर्नेछ ।

**धारा १८. बिदेश लैजाने**

(१) विशेष संरक्षण अन्तर्गतको स्थानान्तरण अर्को देशको भू-भागमा गर्नुपर्ने भएमा यसलाई महासन्धिको धारा १२ र यस नियमावलीको धारा १७ बमोजिम मात्र नभई देहायका थप व्यवथाहरु समेतको पालना गरी लैजानु पर्नेछ :-

(क) अर्को देशको भूभागमा सांस्कृतिक सम्पत्ति रहेको अबस्थामा त्यस्तो देश सो सम्पत्तिको संग्रहकर्ता हुनेछ र उत्तिकै महत्वको आफ्नो सांस्कृतिक सम्पत्तिको हेरचाह सरहको उच्च किसिमको हेरचाह यसलाई पनि गर्नेछ ।

(ख) संग्रहकर्ता देशले त्यस्तो सम्पत्ति द्वन्दको अन्त्य भएपछि मात्र पठाउने र पठाउन अनुरोध भएको छ महिना भित्र पठाउनेछ ।

(ग) स्थानान्तरणको प्रक्रिया चालु रहेको अबस्थामा र अर्कोको भू-भागमा रहेको अबस्थामा सांस्कृतिक सम्पत्तिलाई जफत गर्न पाइने छैन र त्यसलाई स्रग्रहकर्ता वा संग्रह गर्न दिन कसैले पनि वेच विखन वा हक हस्तान्तरण गर्न पाउने छैन । तर सो सम्पत्तिको सुरक्षाको कारणले आवश्यक परेको खण्डमा संग्रहकताले संग्रह गर्न दिनेको स्वीकृति लिई त्यस्तो सम्पत्ति यस धारामा उल्लिखित शर्तहरुका अधीनमा रही तेश्रो देशमा पठाउन सक्नेछ ।

(घ) विशेष संरक्षणको अनुरोधले जुन देशमा सो सम्पत्ति स्थानान्तरण गरिदैछ, सो देशले यस धाराको व्यवस्था पालना गर्दछ भन्ने दर्शाउनु पर्नेछ ।

**धारा १९. कब्जा गरिएको क्षेत्र**

अर्को उच्च सम्झौताकारी पक्षको भू-भाग कब्जा गरिरहेको कुनै उच्च सम्झौताकारी पक्षले सो भू-भागको अन्य कुनै ठाउमा रहेको रिफ्युज (सुरक्षित स्थल) मा स्थानान्तरण गरेकोमा र नियमावलीको धारा १७ को व्यवस्था पालना गर्न पनि असमर्थ भएको अबस्थामा त्यसरी गरिएको स्थानान्तरणलाई महासन्धिको धारा ५ बमोजिम हिनामिना मानिनेछैन । तर यसको लागि सांस्कृतिक सम्पत्तिको कमिशनर जनरलले सम्पत्तिका

साबिक धनीसंग परामर्श गरी लिखित रुपमा त्यस्तो स्थानान्तरण परिस्थितिको कारण अनिवार्य भएको थियो भन्ने कुरा स्पष्ट गर्नुपर्छ ।

## परिच्छेद–४
## विशेष चिन्ह

### धारा २०. चिन्ह टाँस्ने

(१) विशिष्ट चिन्हलाई टाँस्ने तरिका तथा यसको देख्न सकिने क्षमताको मात्रा हरेक उच्च सम्झौताकारी पक्षको सक्षम निकायका स्वविवेकमा छोडिएको छ । यसलाई झण्डामा वा खम्बामा देखाउन वा कुनै वस्तुमा रङ्गाउन वा अन्य कुनै उपयुक्त तवरले देखाउन सकिनेछ ।

(२) तर अझ बढी ठूलो रुपमा प्रदर्शन गर्ने कुरालाइ प्रभावपारी त्यस्तो चिन्ह कुनै सशस्त्र द्वन्द र महासन्धिको धारा १२ र १३ को अबस्थामा यातायातको साधनमा दिउँसोको समयमा आकासवाट र जमीनवाट समेत स्पष्ट रुपमा देखिन गरी राखिनेछ । जमीनवाट देखिने गरी राख्दा देहाय बमोजिम राखिनेछः -

(क) विशेष संरक्षणमा रहेको स्मारक रहेको केन्द्र भागको परिधि स्पष्ट संकेत हुनेगरी निश्चित दूरीमा

(ख) विशेष संरक्षाणमा रहेको अचल सांस्कृतिक सम्पत्तिको प्रबेश विन्दूमा ।

### धारा २१. व्यक्तिको पहिचान

(१) महासन्धिको धारा १७ को प्रकरण २ (ख) र (ग) मा उल्लिखित व्यक्तिले विशिष्ट चिन्हलाई पाखुरामा लगाउन सक्नेछ, जसलाई सक्षम अधिकारीले जारी गरेको र छाप लगाएको हुनुपर्नेछ ।

(२) त्यस्तो विशिष्ट चिन्ह लगाएको व्यक्तिले विशेष परिचय पत्र बोकेको हुनेछ । त्यस्तो परिचयपत्रमा कम्तिमा पनि निजको थर र पहिलो नाम, जन्म मिति, पद

वा  तह र उसको कामको उल्लेख हुनेछ । परिचय पत्रमा निजो फोटो र दस्तखत वा औंठा छाप वा दुबै हुनेछ । यसमा सक्षम अधिकारीको पानी छाप अंकित हुनुपर्नेछ ।

(३) हरेक उच्च सम्झौताकारी पक्षले उदाहरणको रुपमा तल उल्लिखित नमूनाबाट निर्देशित भई आफ्नै प्रकारको परिचय पत्र बनाउन सक्नेछ ।
उच्च सम्झौताकारी पक्षले एक आपसमा आफूले प्रयोग गरिरहेको नमूनाको वारेमा जानकारी आदान-प्रदान गर्नेछन् । परिचय पत्र कम्तिमा पनि दुई प्रति बनाउनु पर्दछ र एक प्रति जारी गर्ने शक्तिले राख्नु पर्दछ ।

(४) माथि उल्लिखित व्यक्तिलाई कुनै वैधानिक कारण विना उसको परिचयपत्रवाट बन्चित गर्न वा पाखुरामा पहिरन वाट बिमुख गर्न पाइनेछैन ।

अगाडि पट्टि

प्रतिक चिन्ह    प्रतिक चिन्ह

**परिचयपत्र**

सांस्कृतिक सम्पत्तिको संरक्षणमा संलग्न कर्मचारीको निमित्त

थरः.........................................................

नामः.........................................................

जन्म मितिः.................................................

दर्जा वा पदः................................................

कार्यः.........................................................

लाई यो परिचयपत्र सशस्त्र द्वन्दका समयमा सांस्कृतिक सम्पत्तिको सुरक्षा सम्बन्धी मे १४, १९५४ मा हेगमा सम्पन्न महासन्धिका शर्त बमोजिम जारी गरिएको छ ।

जारी मितिः ....................    परिचयपत्रको संख्याः ....................

पछाडि पट्टि

वाहकको फोटो

वाहक वा निजको सुपरीवेक्षक वा दुवैको दस्तखत

परिचयपत्र जारी गर्ने निकायको ईम्वोस्ड छाप

| उचाई | आँखा | कपाल |
|---|---|---|

अन्य विशिष्ट पहिचानको विवरण

.................................................................

.................................................................

.................................................................

.................................................................

.................................................................

.................................................................

.................................................................

## सशस्त्र द्वन्दका समयमा सांस्कृतिक सम्पत्तिकोसुरक्षा गर्ने सम्बन्धी महासन्धिको उच्च सम्झौताकारी पक्षहरुको बैठक (हेग, १९५४)

## कार्यविधि नियमावली[1]

## १. बैठकको गठन

नियम १. उच्च सम्झौताकारी पक्षहरु

हेगमा मे १४, १९५४ मा पारित सशस्त्र द्वन्दका समयमा सांस्कृतिक सम्पत्तिको सुरक्षा सम्बन्धी महासन्धिका पक्ष राज्यका प्रतिनिधिहरुले बैठकमा मतदिने अधिकार सहित भाग लिन पाउने  छन् ।

नियम २. महासन्धिको पक्ष नभएका राज्यहरु

२.१ सशस्त्र द्वन्दका समयमासांस्कृतिक सम्पत्तिको सुरक्षा सम्बन्धी सन् १९५४ को हेग महासन्धि (यहाँ यसपछि हेग महासन्धि भनिएको) का पक्ष नभएका संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका सदस्य राष्ट्रहरु र संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका स्थायी पर्यवेक्षक नियोगहरुले बैठकमा मताधिकारको प्रयोग नगर्ने गरी र नियम ८.३ को अधीनमा रही बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन पाउनेछन् ।

२.२ संयुक्त राष्ट्र संघ तथा संयुक्त राष्ट्र संघ प्रणालीका संगठनहरुका प्रतिनिधिहरु र राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन संग आपसी प्रतिनिधित्व सम्झौता सम्पन्न गरेका अन्य अन्तर सरकारी संगठनहरुका साथै महानिर्देशकले

[1]सशस्त्र द्वन्दका समयमा सांस्कृतिक सम्पत्तिको सुरक्षा सम्बन्धी महासन्धिको उच्च सम्झौताकारी पक्षहरुको छैठौं बैठकमा पारित (पेरिस, अक्टोवर २६,२००५)

आमन्त्रण गरेका अन्तर सरकारी तथा अन्तर्राष्ट्रिय गैर सरकारी संगठनका पर्यवेक्षकहरुले बैठकको कार्यक्रममा मताधिकार विना नियम ८.३ बमोजिम भाग लिन सक्नेछ ।

## २. बैठकको सञ्चालन

### नियम ३. निर्वाचन

बैठकले यसको अध्यक्ष, चारजना उपाध्यक्ष र एकजना प्रतिवेदक (र्‍यापोर्टर) निर्वाचन गर्नेछ ।

### नियम ४. सहायक अङ्गहरु

बैठकले आफ्नो कार्य सम्पन्न गर्न आवश्यक अनुसार कार्य समूहहरु गठन गर्न सक्नेछ यस्ता हरेक निकायले आफ्नो अध्यक्ष र प्रतिवेदक निर्वाचित गर्नेछ ।

### नियम ५. व्यूरो

व्यूरोमा अध्यक्ष, चारजना उपाध्यक्ष र प्रतिवेदक रहनेछन् । यसको काम बैठक र सहायक अंगको कामलाई समन्वय गर्ने र यसका शत्रहरु मिति, समय र कामको क्रम निश्चित गर्ने हुनेछ ।

### नियम ६. अध्यक्षको कर्तव्य

६.१ अध्यक्षले हरेक पूर्ण बैठकको शत्रको शुरु र अन्त्य गर्नेछ । उसले छलफलमा निर्देशन दिन, यी नियमहरुको पालना भए नभएको सुनिश्चित गर्न प्रतिनिधिहरुलाई वोल्ने अधिकार तोक्न, मतदानको लागि प्रश्न राख्न र निर्णयको घोषणा गर्न सक्नेछ । उसले नियमापतिका सम्बन्धमा निर्णय गर्न र यस

नियमावलीका अधीनमा रही हरेक शत्रलाई नियन्त्रण गर्न र बैठकलाई मर्यादित गर्न सक्नेछ ।

६.२ कुनै शत्र वा त्यसको कुनै भागमा आफू उपस्थित हुन आवश्यक नदेखेमा निजले तोकेको उपाध्यक्षले निजको स्थान लिनेछ । अध्यक्षको रुपमा कार्य गरिरहेको उपाध्यक्षले अध्यक्षकै अधिकार र जिम्मेवारी वहन गर्नेछ ।

६.३ कार्य समूहका अध्यक्ष र उपाध्यक्षहरुले आफूले अध्यक्षता गरिरहेको कार्य समूहका सम्बन्धमा त्यस्तै प्रकारका कर्तव्य निर्वाह गर्नेछन् ।

## ३. कार्य संचालन

**नियम ७. शत्र संबन्धी जानकारी**

बैठकले अन्यथा निर्णय नगरेसम्म सबै पूर्ण शत्रहरु खुला रुपमा संचालन गरिनेछन् ।

**नियम ८. वक्ताहरुको क्रम र समय सीमा**

८.१ अध्यक्षले वक्ताहरुलाई उनीहरुले कुन बेला वोल्ने इच्छा व्यक्त गरेको हो, सो उल्लेख गर्न आव्हान गर्नेछ ।

८.२ कार्य संचालनलाई सहजिकरण गर्न अध्यक्षले हरेक वक्तालाई दिने समय सीमा निर्धारण गर्न सक्नेछ ।

८.३ कुनै पर्यवेक्षकले बैठकलाई सम्बोधन गर्न चाहेमा जुनसुकै वेला पनि अध्यक्षको सहमति लिनु पर्नेछ ।

### नियम ९. नियमापत्ति

छलफलका क्रममा कुनै टोलीले नियमापत्ति गर्न सक्नेछ । त्यस्तो नियमापत्तिमा अध्यक्षले तत्कालै निर्णय दिनु पर्दछ । अध्यक्षको निर्णय विरुद्ध पुनरावेदन दिन सकिन्छ । त्यस्तो पुनरावेदनलाई तत्काले मतदानमा राखिनेछ ।

### नियम १०. स्थगन र वन्द

कुनै पनि प्रतिनिधिले छलफल वा शत्र स्थगन वा वन्द गर्ने प्रस्ताव पेश गर्न सक्नेछ । त्यस्तो प्रस्ताव तुरुन्तै मतदानमा राखिनेछ ।

### नियम ११. प्रस्ताव तथा संशोधनः

मस्यौदा प्रस्ताव तथा संशोधनहरु लिखित रुपमा सचिवालयमा पठाउनु पर्नेछ र त्यसका प्रतिहरु प्रतिनिधिहरुलाई वितरण गरिनेछ । सामान्य नियम बमोजिम सबै प्रतिनिधिहरुलाई कुनै कार्य संचालनका भाषामा पर्याप्त रुपमा अघि नै वितरण नगरिएसम्म कुनै पनि प्रस्ताव वा संशोधनमा छलफल गरिने वा मतदानमा राखिने छैन ।

### नियम १२. कार्य संचालनका भाषाः

अंग्रेजी र फ्रेन्च बैठकको कार्य संचालनका भाषा हुन् यद्यपि वक्ताहरुले जुनसुकै भाषामा पनि वोल्न सक्नेछन् तर आफुले बोलेको कुरा कुनै कार्यकारी भाषामा अनुवाद गराउने व्यवस्था उनीहरु आफैले गर्नुपर्नेछ ।

### नियम १३. मतदान

१३.१ प्रत्येक उच्च सम्झौताकारी पक्षलाई एक मत रहनेछ । सामान्यतया मतदान हात उठाएर गरिनेछ तर प्रतिनिधिहरुले पालैपालो बोलाएर मत व्यक्त गर्ने अनुरोध

गर्न सक्नेछन् । निर्णय गर्दा उपस्थित भई मतदान गर्ने प्रतिनिधिहरुको सामान्य वहुमतका आधारमा गरिनेछ ।

१३.२ यी नियमहरुको प्रयोजनका लागि "उपस्थित भई मतदान गर्ने प्रतिनिधि" भन्नाले सकारात्मक वा नकारात्मक मत दिने राज्यहरुलाई सम्झनुपर्दछ । मतदानमा भाग नलिने राज्यहरुलाई मत नदिने राज्यको रुपमा लिइनेछ ।

१३.३ कुनै प्रस्तावमा संशोधन प्रस्ताव गरिएमा पहिले त्यस्तो संशोधनलाई मतदानमा राखिनेछ । कुनै प्रस्तावमा दुई वा सो भन्दा बढी संशोधन प्रस्तावहरु राखिएमा शुरु प्रस्तावको बिषयलाई सबैभन्दा बढी हटाउने भनी अध्यक्षले ठह-याएको प्रस्तावमा सबैभन्दा पहिले मतदान गरी त्यसपछि दोश्रो सबैभन्दा बढी हटाउने प्रस्ताव र एवं रीतले सबै संशोधन प्रस्तावहरु मतदानमा राखिनेछ । कुनै प्रस्तावले कुनै प्रस्तावको कुनै अंशमा थप गरेमा, हटाएमा वा पुनरावलोकन गरेमा त्यसलाई संशोधन प्रस्ताव मानिनेछ ।

## ४. बैठकको सचिवालय

### धारा १४. सचिवालय

बैठक र यसका निकायहरुको सचिवालयको व्यवस्था महानिर्देशकले यसका लागि तोकेको राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका कर्मचारीले गर्नेछन् ।

### धारा १५. सचिवालयको कर्तव्य

१५.१ सचिवालयको कर्तव्य लिखत प्रतिवेदन तथा प्रस्तावहरु प्राप्त गर्ने, अनुवाद गर्ने र वितरण गर्ने, बैठकमा कुनै कार्यकारी भाषामा गरेका भाषणको अनुवाद गर्ने र बैठकको व्यवस्थित संचालनमा आवश्यक पर्ने अन्य सबै कार्यहरु गर्ने रहनेछन् ।

१५.२ अध्यक्षको अनुमतिले सचिवालयले कुनै पनि समयमा बैठकमा विचाराधीन कुनै बिषयका सम्बन्धमा लिखित वा मौखिक रुपमा दैनिक वा त्यसका कुनै अङ्गमा मन्तव्य दिन सक्नेछ ।

## ५. कार्य संचालन बिषयमा संशोधन

धारा १६. संशोधन

बैठकको पूर्ण शत्रमा लिइएको निर्णयबाट यस नियमावलीलाई संशोधन गर्न सकिनेछ ।

## १९५४ (पहिलो ) प्रोटोकल

हेग, मे १४, १९५४

उच्च सम्झौताकारी पक्षहरु देहाय बमोजिम गर्न सहमत भएका छन्ः-

**भाग क.**

१. हरेक उच्च सम्झौताकारी पक्षले हेगमा मे १४, १९५४ मा हस्ताक्षर भएको सशस्त्र द्वन्दका समयमा साँस्कृतिक सम्पत्तिको सुरक्षा सम्बन्धी सन् १९५४ को हेग महासन्धिको धारा १ मा परिभाषित सांस्कृतिक सम्पत्तिलाई कुनै शसस्त्र द्वन्दका समयमा उसले कब्जा गरेको भूभागबाट निर्यात गर्ने कार्यलाई रोक्ने कबुल गर्दछ ।

२. हरेक उच्च सम्झौताकारी पक्षले उसको भू-भाग भित्र विशिष्ट वा कुनै कब्जा गरिएको भू-भागबाट आयात भएको सांस्कृतिक सम्पत्तिलाई आफ्नो जिम्मामा लिने कबूल गर्दछ । यस्तो कार्य त्यस्तो सम्पत्ति आयात भई आएपछि स्वतः गरिनेछ वा स्वतः हुन नसकेमा त्यस्तो भू-भागको निकायको अनुरोधमा गरिनेछ ।

३. हरेक उच्च सम्झौताकारी पक्षले यदि यसको भू-भागमा पहिलो प्रकरणमा उल्लिखित सिद्धान्त विपरीत कुनै सांस्कृतिक सम्पत्ति निकासी गरिएको भएमा शत्रुताको अन्त्य भएपछि पहिले कब्जा गरिएको भू-भागको सक्षम अधिकारीलाई त्यस्तो सांस्कृतिक सम्पत्ति फिर्ता गर्ने कबुल गर्दछ । त्यस्तो समपत्तिलाई कहिल्यै पनि युद्धको क्षतिपूर्ति वापत भनी राखिने छैन ।

४. उच्च सम्झौताकारी पक्ष, जसको दायित्व यसले कब्जा गरेको भू-भागवाट हुने सांस्कृतिक सम्पत्तिको निकासी रोक्नु थियो, ले माथिल्ला प्रकरण बमोजिम फिर्ता गर्नुपर्ने सांस्कृतिक सम्पत्ति सदासयताका साथ राखी दिए वापत राख्ने व्यक्तिलाई क्षतिपूर्ति तिर्नेछ ।

**भाग ख.**

५. कुनै उच्च सम्झौताकारी पक्षको भू-भाग भएर आउंदै गरेको सांस्कृतिक सम्पत्ति सो पक्षले सशस्त्र द्वन्दको खतराबाट जोगाउनको लागि कुनै अर्को उच्च सम्झौताकारी पक्षको भू-भागमा आफूले लिएको भएमा त्यस्तो द्वन्द समाप्त भएपछि सो सम्पत्ति जुन राज्यबाट आएको हो, सोही राज्यको सक्षम निकायलाई फिर्ता गरिदिनेछ ।

**भाग ग.**

६. यस प्रोटोकलमा मे १४,१९५४ को मिति रहनेछ र यसलाई अप्रिल २१, १९५४ देखि मे १४, १९५४ सम्म हेगमा सम्पन्न भएकोसम्मेलनमा आमन्त्रित सबै राज्यहरुलाई डिसेम्बर ३१, १९५४ सम्म हस्ताक्षरको लागि खुला राखिनेछ ।

७. (क) यस प्रोटोकललाई हस्ताक्षरकारी राज्यहरुवाट आ-आफ्नो संवैधानिक कार्यविधि अनुरुप अनुमोदन गरिनु पर्नेछ ।
(ख) अनुमोदनको लिखत राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका महानिर्देशक समक्ष दर्ता गरिनेछ ।

८. यो प्रोटोकल लागू भएको मिति देखि प्रकरण ६ मा उल्लिखित हस्ताक्षर नगरेका सबै राज्यहरु तथा संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनको कार्यकारी समितिले सम्मीलन गर्न आव्हान गरेको अन्य कुनै राज्यलाई सम्मीलन गर्नका लागि खुला रहनेछ । सम्मीलन गर्दा संयुक्त

राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका महानिर्देशक समक्ष सम्मीलनको लिखत दर्ता गराई गरिनेछ ।

९. प्रकरण ६ र ८ मा उल्लिखित राज्यहरुले हस्ताक्षर, अनुमोदन वा सम्मीलन गर्दाका समयमा उनीहरु यस प्रोटोकलको दफा १ वा भाग ख. का व्यवस्थाहरु पालना नगर्ने भनी घोषणा गर्न सक्नेछन् ।

१०. (क) यो प्रोटोकल पांचवटा अनुमोदनका लिखत दर्ता भएको तीन महिना पछि प्रारम्भ हुनेछ ।

(ख) त्यसपछि प्रत्येक उच्च सम्झौताकारी पक्षको हकमा यो प्रोटोकल अनुमोदन वा सम्मिलनको लिखत दर्ता भएको तीन महीनापछि प्रारम्भ हुनेछ ।

(ग) हेगमा मे १४, १९५४ मा हस्ताक्षर भएको सशस्त्र द्वन्दका समयमा सांस्कृतिक सम्पत्तिको सुरक्षा सम्बन्धी महासन्धिको धारा १८ र १९ मा उल्लिखित अबस्थामा द्वन्दरत पक्षहरुले द्वन्द वा कब्जा अघि वा पछि गरेको अनुमोदन वा सम्मीलनलाई तत्काल लागू गराउनेछ । त्यस्तो अबस्थामा राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका महानिर्देशकले प्रकरण १४ मा उल्लिखित जानकारी सबभन्दा छिटो माध्यमबाट दिनेछ ।

११. (क) यस प्रोटोकलका हरेक पक्षराज्यले यो प्रोटोकल लागू भएको मितिमा लागू भएको छ महीनाभित्र यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न आवश्यक पर्ने सबै उपायहरु गर्नेछ ।

(ख) यो अवधि प्रोटोकल लागू भइसकेपछि अनुमोदन वा सम्मीलनको लिखत दाखिल गर्ने कुनै पनि राज्यका हकमा त्यस्तो अनुमोदन वा सम्मीलनको लिखत दाखिल गरेको मितिले छ महीना हुनेछ ।

१२. कुनै पनि उच्च सम्झौताकारी पक्षले अनुमोदन वा सम्मीलनका वखत वा त्यसपछिको कुनै पनि समयमा राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका महानिर्देशकलाई सम्बोधन गरेको सूचना मार्फत् प्रस्तुत प्रोटोकल सो पक्ष राज्य अन्तर्राष्ट्रिय सम्बन्धका हकमा जिम्मेवार रहेको कुनै वा सबै भू-भागमा विस्तार हुनेछ भनी घोषणा गर्न सक्नेछ ।

१३ (क) हरेक उच्च सम्झौताकारी पक्षले आफ्नो तर्फबाट वा सो राज्य अन्तर्राष्ट्रिय सम्बन्धका हकमा जिम्मेवार रहेको कुनै भू-भागका तर्फबाट प्रस्तुत प्रोटोकललाई परित्याग गर्न सक्नेछ ।

(ख) परित्याग लिखित रुपमा सूचित गर्नुपर्नेछ र राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका महानिर्देशक समक्ष जम्मा गराउनु पर्नेछ ।

(ग) परित्यागको लिखत प्राप्त भएको एक वर्षपछि परित्याग प्रभावकारी हुनेछ तर यदि सो अवधि व्यतित हुँदाका बखत परित्याग गर्ने पक्ष सशस्त्र द्वन्दमा संलग्न रहेको भएमा त्यस्तो द्वन्द समाप्त नहुन्जेल वा सांस्कृतिक सम्पत्तिधफिर्ता गर्ने कार्य पूरा नभएसम्म मध्ये जुन पछिल्लो मितिमा सम्पन्न हुन्छ, सो मितिसम्म परित्याग प्रभावकारी हुनेछैन ।

१४. राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका महानिर्देशकले प्रकरण ६ र ८ मा उल्लिखित राज्यहरु तथा संयुक्त राष्ट्रसंघलाई प्रकरण ७, ८ र १५ बमोजिम दर्ता गरिएको अनुमोदन, सम्मीलन वा स्वीकृति र प्रकरण १२ र १३ मा क्रमशः उल्लिखित सूचना र परित्यागको जानकारी उपलव्ध गराउनेछ ।

१५ (क) एक तिहाई भन्दा बढी उच्च सम्झौताकारी पक्षहरुले अनुरोध गरेमा प्रस्तुत प्रोटोकललाई पुनरावलोकन गर्न सकिनेछ ।

(ख) यस प्रयोजनका लागि राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका महानिर्देशकले एक सम्मेलनको आयोजना गर्नेछन् ।

(ग) यस प्रोटोकलमा गरिने संशोधन सम्मेलनमा उपस्थित हुने उच्च सम्झौताकारी पक्षहरुले सर्वसम्मतिले पारित गरी प्रत्येक उच्च सम्झौताकारी पक्षले स्वीकार गरेपछि मात्र लागू हुनेछ ।

(घ) प्रकरण (ख) र (ग) मा उल्लिखित सम्मेलनले पारित गरेको यस प्रोटोकलको संशोधनलाई उच्च सम्झौताकारी पक्षहरुबाट हुने स्वीकृतिलाई राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका महानिर्देशक समक्ष औपचारिक लिखत दाखिल गरी प्रभावकारी तुल्याइनेछ ।

(ङ) यस प्रोटोकलको संशोधन लागू भएपछि प्रोटोकलको संशोधित अंश मात्र अनुमोदन वा सम्मीलनको लागि खुला रहनेछ ।

संयुक्त राष्ट्र संघको वडापत्रको धारा १०२ अनुसार राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका महानिर्देशकको अनुरोधमा यस महासन्धिलाई राष्ट्र संघको सचिवालयमा दर्ता गरिनेछ ।

तलका हस्ताक्षरकारी प्रतिको विश्वासका साथ रीतपूर्वक अख्तियारी पाएका हामीले यस महासन्धिमा हस्ताक्षर गरेका छौं ।

आज सन् १९५४ को मे महीनाको चौधौं दिन हेगमा अंग्रेजी, फ्रेञ्च, रसियन र स्पेनिस गरी चार प्रतिमा हस्ताक्षर गरिएको छ र चारै प्रति समान रुपमा आधिकारिक हुनेछन र यसको एक प्रति राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनको अभिलेखालयमा सुरक्षित रहनेछ र यसका प्रामाणित आधिकारिक प्रतिहरु प्रकरण ६ र ८ मा उल्लिखित सबै राज्यहरु तथा संयुक्त राष्ट्र संघमा समेत पठाइनेछ ।